सम्वत २०७५ सालको ऐन नं. ०२

# भगवतीमाई गाउँपालिका आर्थिक ऐन, २०७५

गाउँसभाबाट पारित मितिः २०७५/०३/२२

भगवतीमाई गाउँपालिका

दैलेख जिल्ला

कर्णाली प्रदेश, नेपाल

# भगवतीमाई गाउँपालिकाको आर्थिक ऐन, २०७५

**प्रमाणित मिति : २०७५/०३/२२**
**राजपत्रमा प्रकाशित मिति : २०७५/०३/२२**

**प्रस्तावनाः**

भगवतीमाई गाउँपालिकाको आर्थिक वर्ष २०७५ को अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न, स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) ले दिएको अधिकार प्रयोग गरी संविधानको धारा २२६ को उपधारा (१) बमोजिम, भगवतीमाई गाउँ सभाले यो अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्ने सम्बन्धी ऐन बनाई लागू गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ।

(२) यो ऐन भगवतीमाई गाउँपालिकाको गाउँसभाबाट पारित भएपछि तुरुन्त लागू हनेछ।

२. परिभाषाः विषय वा पसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,ः–

(क) "ऐन" भन्नाले भगवतीमाई गाउँपालिकापालिकाको आर्थिक ऐन, २०७५सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले भगवतीमाई गाउँ कार्यपालिका सम्झनु पर्छ।

(ग) "गाउँ पालिका" भन्नाले भगवतीमाई गाउँपालिका सम्झनु पर्छ।

(घ) "फर्म" भन्नाले प्रचलित कानूनबमोजिम दर्ता भए वा नभएको जुनसकै फर्म सम्झनु पर्छ।

(ङ) "व्यक्ति" भन्नाले यस ऐन बमोजिम कर तिर्नुपर्ने दायित्व भएको जुनसकै व्यक्ति सम्झनु पर्छ।

(च) "सभा" भन्नाले भगवतीमाई गाउँपालिकाको सभा सम्झनु पर्छ।

(छ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

**२. सम्पति करः** गाउँपालिकाको क्षेत्रभित्र अनसुची-(१) बमोजिम एकीकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।

**३. भूमि कर (मालपोत)ः** गाउँपालिकाा क्षेत्रभित्र अनसुची- (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

**४. घर वहाल कर**: गाउँपालिका क्षेत्रभित्र कनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी परै आंशिक तवरले वहालमा दिएकोमा अनसूची- (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

**५. व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनसूची-(४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

**६. जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनसूची-(५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

**७. सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनसुची-(६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।   तर, पद्रेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हनेुछ ।

**८. विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हनेु विज्ञापनमा अनसुची-(७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।   तर, पद्रेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हनेुछ ।

**९. मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हनेु मनोरन्जन व्यवसाय सेवामा अनसुची-(८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।   तर, पद्रेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएकोमा सोही बमोजिम हनेुछ ।

**१०. बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफलेु निर्माण, रेखदेख वा सञ्चालन गरेका अनसुची-(९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनसुचीमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**११. पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनसुची-(१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१२.** ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याबफ्टीङ्ग शुल्कः गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्यारफ्टीङ्गसेवा वा व्यवसाय सञ्चालन गरेवारत अनसूची-(११) बमोजिमको शुल्क लगाइने र असलू उपर गरिनेछ ।

**१३. सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनसुचि-(१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनसुचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१४.** पर्यटन शुल्कः गाउँपालिकाले आफ्नो क्षेत्रभित्र पव्रेश गर्ने पर्यटकहरूवाट अनसूची-(१३) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाइर्ने र असुल उपर गरिनेछ । तर, पद्रेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हनेछ ।

**१५. कर छुट नहनु :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरूलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

**१६. कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले ताके अनुसार हनेछ ।

# अनुसूची १

## गैर राजश्वतर्फ

| क.स. | भगवतीमाई गाँउपालिको कर, सेवा शुल्क तथा सिफारिस दस्तुर सम्बन्धि विवरण | आ.ब.२०७४।०७५को लागि स्विकृत करको दररेट | | कैफियत |
|---|---|---|---|---|
| | | दर्ता | नविकरण | |
| १ | **नागरीकता शिफारिस (फारम सहित)** | १००। | | |
| २ | **नागरीकता प्रतिलिपि शिफारिसका लागि** | १००। | | |
| ३ | **पञ्जिकरण** | ५० | | |
| ४ | **नाता प्रमाणित स्वदेशी प्रयोजनका लागि** | २००। | | |
| ५ | **नाता प्रमाणित विदेशी प्रयोजनका लागि** | ५००। | | |
| ६ | **जग्गाको नामसारी सिफारिस** | | | |
| | बेस्तडा क्षेत्र | ४००। | | |
| | अन्य, वडा नं. १ देखि ७ सम्म | २००। | | |
| ७ | **विद्युत जडान शिफारिस दस्तुर** | | | |
| | घरयासी प्रयोजन | ३००। | | |
| | उद्योग धन्दाको प्रयोजन | ५००। | | |
| ८ | **खानेपानी सिफारिस** | | | |
| | क) घरयासी प्रयोजन, शहरी (बेस्तडा) | ५००। | | |
| | ख) घरयासी प्रयोजन, ग्रामिण (वडा नं १-७) | २००। | | |
| | ग) कार्यलय तथा ग्रामिण उद्योगका लागि | ६००। | | |
| ९ | **अन्य कार्यलयलाई पठाउने सिफारिस पत्र** | **१००।** | | |
| १० | **अन्य निकायका योजना सम्झौता र भुक्तानी सिफारिस ( गा.पा. बाहिरका लागि)** | **२००।** | | |
| ११ | **चारकिल्ला प्रमाणित** | | | |
| | चारतिर बाटो भएको | ६००। | | |
| | तिनतिर बाटो भएको | ५००। | | |
| | दुइतिर बाटो भएको | ४००। | | |
| | एक तिर बाटो भएको | ३००। | | |
| | बाटोले नछोएको | १००। | | |
| | **दर्ता शुल्क** | | | |
| १२ | संस्थादर्ता | २०००। | १०००। | |
| | घरधुरी दर्ता | १००। | | |
| | थोक बिक्रेता दर्ता | ५००। | ३००। | |
| | खुद्रा पसल दर्ता | २५०। | २००। | |
| | भांडा पसल दर्ता | ५००। | ३००। | |
| | फोटोग्राफ दर्ता | ३००। | २००। | |
| | सुचिकार दुइभन्दा बढी मेशिन हुनेका लागि | २००। | १००। | |
| | सुचिकार दुइभन्दा कम मेशिन हुनेका लागी | १००। | ५०। | |
| १३ | **बिभिन्न फर्म हरुका लागि लाग्ने दस्तुर** | | | |
| | बंगुर पालन फर्म दर्ता | ५००। | २००। | |
| | कुखुरा पालन फर्म दर्ता | ४००। | २००। | |
| | पोल्ट्री फर्म दर्ता | ५००। | २५० | |

| | | | | |
|---|---|---|---|---|
| | बाख्रा पालन फर्म दर्ता | ४००। | २००। | |
| | एग्रोभेट फर्म दर्ता | ३००। | २००। | |
| | सौर्यउर्जा प्रा.लि. | ५००। | ३००। | |
| | कृषि समुहदर्ता | ४००। | २००। | |
| | मेडिकल दर्ता | ८००। | ३००। | |
| | सानातथा घरेलु उद्योग दता (जस्तै डेरी उद्योग) | ५००। | २५०। | |
| | मझौला उद्योग | ६००। | ३००। | |
| | ठुला उद्योग | ७००। | ३५०। | |
| | होटेल तथा रेष्टुरेन्ट दर्ता | ५००। | २५०। | |
| | चस्मा, घडी, रेडियो, टिभि, क्यामरा, मोबाइल मर्मत | ३००। | १५०। | |
| | चस्मा, घडी, रेडियो, टिभि, क्यामरा, मोबाइल विक्रि | ६००। | ३००। | |
| | हिटर, फ्रिज, इलेक्टोन्क्सि सामान बेच्ने पसल | ६००। | ३००। | |
| **१४** | **फर्निचर (काठ तथा स्टिलको सामाग्री) उत्पादन र बिक्री** | **६००।** | **३००।** | |
| **१५** | **काचो कपडा पसल** | | | |
| | क) ठुलो काचो कपडा पसल | ६००। | ३००। | |
| | ख) साधारण कपडा पसल | ४००। | २००। | |
| **१६** | **तयारी कपडा (फेन्सी पसल)** | | | |
| | क) ठुलो फेन्सी /कपडा पसल | ६००। | ३००। | |
| | ख) सानो फेन्सी/कपडा पसल | ४००। | २००। | |
| **१७** | **मिल (धानकुटने, तेल पेल्ने र अन्य मिल)** | **५००।** | **३००।** | |
| **१८** | **होडिङ्ग बोर्ड (साईनवोर्ड)** | | | |
| | साधारण साईनवोर्ड | १००। | | |
| | ब्यबसायप्रचार प्रसार होडिङ्ग बोर्ड | २००। | | |
| | सडक छेउको ठुलो होडिङ्ग बोर्ड | ३००। | | |
| | साइन वोर्ड, व्यानर लेख्ने पसल | २५०। | १५०। | |
| **१९** | **नाफा कमाउने उद्देश्यले स्थापित संस्था** | | | |
| | विज्ञापन ऐजेन्सी | ४००। | २००। | |
| | परामर्श दाता (कन्सलटेन्सी) | १०००। | ५००। | |
| | बोडिङ्ग स्कुल आधारभुत तह | १०००। | ५००। | |
| | बोडिङ्ग स्कुलमा.वि.तह | १२००। | ६००। | |
| | प्राविधिकशिक्षालय | २०००। | १०००। | |
| | सप्लायर्स (जुनसुकै सामान) | ५००। | २५०। | |
| **२०** | **निजि बैंक** | | | |
| | (क) वर्गको | २०००। | १०००। | |
| | (ख) वर्गको | १३००। | ६००। | |
| | (ग) वर्गको | १०००। | ५००। | |
| | (घ) वर्गका | ८००। | ४००। | |
| **२१** | **सुनचांदीपसलदर्ता** | **६००।** | **३००।** | |
| **२२** | **सेवामुलक व्यवसाय** | | | |
| | इन्जिनियर | १५००। | ७००। | |
| | डाक्टर | १०००। | ५००। | |
| | वकिल | ४००। | २००। | |
| | साधारण लेखापढी ब्यवसाय | ३००। | १५०। | |

| | | | | |
|---|---|---|---|---|
| २३ | **परामर्श (कन्सलटेन्सी)** | **१५००।** | **७००।** | |
| २४ | **लेखापरिक्षक फर्म** | **१०००।** | **५००।** | |
| २५ | **निर्माण व्यवसाय** | | | |
| | (घ) वर्गको | २००००। | ५०००। | |
| २६ | **मनोरञ्जन तर्फ** | | | |
| | क) मेला महोत्सव | २००० | | |
| | ख) सर्कस (जादु) | १५०० | | |
| २७ | **होटेल, रेष्टुरेन्ट** | | | |
| | होटेल, लज एण्ड रेष्टुरेन्ट | ६००। | ३००। | |
| | रेष्टुरेन्ट एण्ड वार | ४००। | २००। | |
| | साधारण होटेल,रेष्टुरेन्ट (छाप्रोमा) | २००। | १००। | |
| २८ | **माछा मासु पसल** | | | |
| | खसीको मासु पसल | ५००। | २५०। | |
| | कुखुरा,ब्रोइलर (फ्रेश हाउस) | ५००। | २५०। | |
| | बंगुर,रांगाको मासु पसल | ३००। | २००। | |
| | डेरी उद्योग | ५००। | २५०। | |
| २९ | **श्रृङ्गारीक तथा विलासिताका सामान बिकेता** | | | |
| | कस्मेटिक पसल थोक बिक्रेता | ५००। | २५०। | |
| | कस्मेटिक पसल (साधारण) | १५०। | ७५। | |
| | जुत्ता (छाला वा अन्य) पसल | २५०। | १५०। | |
| | स्थानीय छाला जुत्ता पसल | २५०। | १५०। | |
| ३० | **कलर ल्याप, कम्प्युटर, प्रशिक्षण तथा मर्मत केन्द्र** | | | |
| | कलर ल्याव | ८००। | ४५०। | |
| | कम्प्युटर प्रशिक्षण तथामर्मत केन्द्र | ८००। | ४५०। | |
| | टाईपिङ्ग तथा फोटोकपिपसल | ३००। | २००। | |
| | | | | |
| ३१ | **मोटर ग्यारेज** | | | |
| | मोटरसाईकल मर्मत पसल | ५००। | ३००। | |
| | टायर मर्मत पसल | ५००। | ३००। | |
| | मेशिनरी पार्टपुर्जा बिक्रि तथा मर्मत पसल | ६००। | ३५०। | |
| ३२ | **स-साना चिया नास्ता पसल** | | | |
| | चियापसल | १००। | ५०। | |
| | मिठाइ पसल | १००। | ५०। | |
| | म.म.पसल | १५०। | १००। | |
| | फलफुल तरकारी पसल | २००। | १००। | |
| ३३ | **औषधि पसल** | | | |
| | क औषधि खुद्रा खुद्रा | १०००। | ५००। | |
| | ख जडिबुटि तथा आर्युवेदिक पसल | २००। | १००। | |
| ३४ | **स्टेशनरी तथा पुस्तक पसल** | ५००। | २५०। | |
| ३५ | **पटके बजारमा घुमाएर बेच्ने (प्रतिदिन)** | | | |

| | | | | |
|---|---|---|---|---|
| | फेन्सी कपडा<br>प्लाष्टिक तथा फिउसका भांडाहरु तथा औजार<br>सुनचांदीपसल घुमफिर गरि बनाउने र मर्मत गर्ने<br>मूर्ति बनाउने<br>घुमफिर गरि भाँडा मर्मत गर्ने (प्रेसर कुकर, चुलो) | १००।<br>१००।<br>३००।<br>२००।<br>१००। | | |
| **३६** | **मदिरा तथ सुर्तिजन्य पसल** | | | |
| | चुरोट डिलर | ८००। | ४००। | |
| | कोल्ड सेन्टर (पेय पदार्थ) | ३००। | १५०। | |
| **३७** | **रेमिटेन्स विप्रेषण (स्वदेस तथा विदेशबाट)** | १०००। | ५००। | |
| **३८** | **निजि टेलीफोन तथा ईन्टरनेट सेवा प्रदान गर्ने संस्था** | २५००। | १०००। | |
| **३९** | **सामुदायिक एफ.एम.रेडियो** | २५००। | १०००। | |
| **४०** | **सवारी साधन पार्किङ्ग (पटके)** | | | |
| | बस ट्रक | ५० | | |
| | ट्याक्टर, जीप, भ्यान, कार आदि | ४० | | |
| | मोटरसाईकल | २० | | |
| **४१** | **ढुङ्गा, गीटी, बालुवा माटो** | **ढुङ्गा,गीटी** | **बालुवा माटो** | |
| | प्रति ट्रिप हेभि ट्रक/टिपरबाट | ५००। | ४००। | |
| | प्रति ट्रिप मिनि ट्रक सानो | ४००। | ३००। | |
| | प्रति ट्रिप ट्याक्टर बाट | ३००। | २२०। | |
| **४२** | **म्याद नाघेका व्यक्तिगत घटना दर्ता (२०४७ देखी२०५७ सम्म)** | | | |
| | जन्म दर्ता<br>मृत्यु दर्ता<br>विवाहदर्ता<br>बसाई सराई | ८०।<br>८०।<br>८०।<br>८०। | | |
| **४३** | **म्याद नाघेका व्यक्तिगत घटना दर्ता (२०५८देखी२०६८ सम्म)** | | | |
| | जन्म दर्ता<br>मृत्यु दर्ता<br>विवाहदर्ता<br>बसाई सराई | ७०।<br>७०।<br>७०।<br>७०। | | |
| **४४** | **म्याद नाघेका व्यक्तिगत घटना दर्ता (२०६९ देखी २०७५ असार मसान्तसम्म)** | | | |
| | जन्म दर्ता<br>मृत्यु दर्ता<br>विवाहदर्ता<br>बसाई सराई | ६०।<br>६०।<br>६०।<br>६०। | | |
| **४५** | **नयाँ व्यक्तिगत घटना दर्ता (२०७५ साउन देखी)** | | | |
| | जन्म दर्ता<br>मृत्यु दर्ता<br>विवाहदर्ता<br>बसाई सराई | ५०।<br>५०।<br>१००।<br>२००। | | |
| **४६** | **प्रतिलिपि दस्तुर (सवै प्रकारका दर्ता प्रमाण पत्र)** | **१००।** | | |
| **४७** | **नक्शापास शुल्क** | बजार क्षेत्र | ग्रामिण क्षेत्र | |
| | माटो ढुङ्गाको गाह्रो तथा फुसको छाना प्रति वर्गफिट | ५० पैसा | २० पैसा | |
| | माटो ढुङ्गाको गाह्रो तथा पत्थर, टिनको छाना प्रति . वर्गफिट | १ रुपैया | ५० पैसा | |
| | सिमेन्ट(बाहिर)पलाष्टर, माटो ढुङ्गाको गाह्रो तथा टिनको छाना प्रति | १.५० रुपैया | ८० पैसा | |

| | | | | |
|---|---|---|---|---|
| | . वर्गफिट | | | |
| | सिमेन्टको गाह्रो तथा ढुङ्गा ईटको चिनाई र ढलान प्रति वर्गफिट | २.५० प्रैसा | १रुपैया | |
| | ग्रिल ,काठको पार्टेसन तथा टिनको छाना प्रति वर्गफिट | १ रुपैया | ७५ पैसा | |
| ४८ | **नक्शापास नामसारी शुल्क** | | | |
| | एक तला | ५००। | | |
| | दुइतला | ८००। | | |
| | ितनतला | १२००। | | |
| | चार तला भन्दा माथि | १६००। | | |
| ४९ | **अचल सम्पत्ति मुल्याङ्कन सेवाशुल्क** | | | |
| | रु ५लाख सम्म | २००। | | |
| | रु ५लाख देखि रु १० लाखसम्म | ३००। | | |
| | रु १० लाखदेखि रु १५ लाखसम्म | ५०० | | |
| | रु १५ लाखदेखि रु२० लाखसम्म | ८००। | | |
| | रु २० लाखदेखि रु ३० लाख सम्म र सो भन्दामाथि | १०००। | | |
| ५० | **मल्टिमिडिया तथा विद्युतिय उपकरण भाडा प्रतिदिन** | १०००। | | |
| ५१ | **नक्कल दस्तुर** | | | |
| | आफैले सारेम प्रतिपाना | २०। | | |
| | कार्यालयबाट सारेमाप्रतिपाना | ४०। | | |
| ५२ | **निर्यात तर्फ (पशुजन्य उत्पादन)** | | | |
| | रांगो प्रति १ वटा | ५००। | | |
| | बोका, खसीप्रति १ वटा | ५०। | | |
| ५३ | **निर्यात जडिबुटि तर्फ** | | | |
| | टिमुर प्रति क्विन्टल | ३००। | | |
| | अल्लो प्रति क्विन्टल | २००। | | |
| | चुत्रा, काउलो ,बोजो प्रति क्विन्टल | १००। | | |
| | सतुवा प्रति क्विन्टल | २५०। | | |
| ५४ | भरुवाबन्दुक जिल्लाभरीको लागि | १०००। | ५००। | |
| | भरुवा बन्दुक नेपालभरीको लागी | १०००। | ५००। | |
| ५५ | **जग्गाको न्युनतम मुल्य निर्धारण** | | | |
| | मालपोत कार्यालय दैलेखबाट कित्ता तोकिएका साविक पगनाथ-१ र रुम -१ बेस्तडा बजार क्षेत्रको ५०० वर्गमिटरको न्युनतम मुल्य रु | ५,५०,०००। | | |
| | मालपोत कार्यालय दैलेखबाट तोकिएका कित्ता बाहेक अन्य जग्गाहरुको बेस्तडा बजार क्षेत्रको ५०० वर्गमिटरको न्युनतम मुल्य रु | ५,५०,०००। | | |
| | भगवतीमाई गाउँपालिका वडा नं. ३ सान्तडा क्षेत्रभित्र रहेका जग्गाहरुको ५०० वर्गमिटरको न्युनतम मुल्य रु | ३,५०,०००। | | |
| | भगवतीमाई गाउँपालिकाको सवै वडाहरुको सडक छेउमा रहेका जग्गाहरुको ५०० वर्गमिटरको न्युनतम मुल्य रु | १,००,०००। | | |
| | भगवतीमाई गाउँपालिका अर्न्तगत मध्यपहाडी सडक छेउमा रहेका जग्गाहरुको ५०० वर्गमिटरको न्युनतम मुल्य रु | २,५०,०००। | | |
| ५६ | **भगवतीमाई गाउँपालिकाको सवै जग्गाहरुको मुल्याङ्कन रकमको ०.०५ प्रतिशत आयमुल्याङ्कन दस्तुर लाग्ने छ ।** | ०.०५ प्रतिशत | | |

| | | | | |
|---|---|---|---|---|
| ५७ | संरचना मुल्याङ्कन दररेट | | | |
| | यस गाउँपालिका क्षेत्रभित्रको टिन, पत्थर छाना भएको घरको | २००। | | |
| | यस गाउँपालिकाको सबै वडाका ढलान भएको घरको | ३००। | | |
| | बेस्तडा वजार क्षेत्रभिका ढलान भएका घरहरुको | ४००। | | |
| ५८ | नाम, थर संशोधन,सिफारिस | १०० | | |
| ५९ | छुट जग्गा दर्ता सिफारिश | १ रोपनी सम्म रु ५००० र सो भन्दा माथि प्रति रोपनी रु ५०० | | |
| ६० | उद्योग संचालनका लागि घरेलुमा सिफारिस | ३५० | | |
| ६१ | उद्योग कल कारखानाको सर्जमिन | ४०० | | |
| ६१ | उद्योग कल कारखानाको अन्य सिफारिस | १०० | | |
| ६२ | साना उद्योग संचालनका लागि सिफारिस | ३५० | | |
| ६३ | मझौला उद्योग संचालनका लागि सिफारिस | ७०० | | |
| ६४ | ठूला उद्योग संचालनका लागि सिफारिस | १५०० | | |
| | उद्योग व्यवसाय लगत कट्टा र नामसारी | २०० | | |
| ६५ | संस्था दर्ता सिफारिस | १०० | | |
| ६६ | बैदेशिक रोजगारीका लागि नरिने सिफारिस र नाता प्रमाणित | २०० | | |
| ६७ | बैदेशिक रोजगारीका लागि गरिने प्रतिलिपी प्रमाणित | ५०० | | |
| ६८ | सगोल प्रमाणित | १५० | | |
| ६९ | अंशियार प्रमाणित | २०० | | |

# भूमिकर मालपोत

| क्र.सं. | विवरण | आ.व. ०७४।७५ को कर | आ.व. ०७५।७६ मा कायम गरिएको कर | कैफियत |
|---|---|---|---|---|
| १. | गाउँपालिकाभित्रका सबै जग्गाको प्रतिरोपनी | रु. ३ | रु. ४ | |